# काठमाडौं महानगरपालिका

यँ महानगरपालिका कार्यालय

## काठमाडौं प्लाजा, काठमाडौं,
## बागमती प्रदेश, नेपाल

(राजस्व विभाग)

पत्र संख्या : २०८०/०८१
चलानी नं.: 363

मिति : २०८१/०१/०६

श्री सबै वडा कार्यालयहरु
काठमाडौं महानगरपालिका ।

बिषय : वडागत रुपमा कर अनुगमन गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका घर तथा जग्गाको सम्पत्ति कर, सञ्चालनमा रहेका व्यवसायहरुको व्यवसाय कर तथा घरवहाल कर एवं मनोरञ्जन कर दाखिला गर्नुपर्ने करदाता र व्यवसायहरुको स्थलगत अनुगमन गरी दर्ता नभएका करदाताहरुलाई दर्ता गर्न लगाउने, करदाताले तिर्नुपर्ने कर दाखिला गर्न लगाउने तथा कर सचेतना गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाउन वडाका जनप्रतिनिधि र कार्यरत कर्मचारीहरु सम्मिलित टोली खटाउने विषयमा "अनुगमन टोली परिचालन कार्यक्रम २०८०" वमोजिम वडा कार्यालयहरुलाई हाललाई एक लाख देखी दुई लाखसम्म र आवश्यकताका आधारमा थप रकम निकासा गर्न सक्ने गरी मिति २०८०/१२/१८ को तिसौं नगर कार्यपालिका बैठकको निर्णय भएअनुसार आआफ्नो वडा अर्न्तगत तपशिल वमोजिम अनुगमन कार्य गर्नु गराउनुहुन सूचित गरिन्छ ।

<u>तपशिलः</u>

१) स्थलगत रुपमा खटिने जनप्रतिनिधि र कर्मचारीहरु चयन गरी वडा अध्यक्षले अनुगमन पत्र उपलब्ध गराई खटाउने ।

२) आफ्नो आफ्नो वडाभित्र रहेका घर तथा जग्गाको सम्पत्ति कर, सञ्चालनमा रहेका व्यवसायहरुको व्यवसाय कर तथा घरवहाल कर एवं मनोरञ्जन कर दाखिला गर्नुपर्ने करदाता र व्यवसायहरुको स्थलगत अनुगमन गरी संलग्न फाराम भरी लगत संकलन गर्नुपर्नेछ ।

३) अनुगमनमा खटिएको डोर हाजिर प्रमाणित गर्ने तथा संकलन गरिएको लगत Revenue Online System मा प्रविष्टि गर्नुपर्ने ।

४) अनुगमनमा खटिने सुविधाको सम्वन्धमा जनप्रतिनिधिको हकमा जनप्रतिनिधिको सुविधा सम्वन्धी पहिलो संशोधन ऐन् २०८० वमोजिम सुविधा उपलब्ध गराउने र अन्यको हकमा अनुगमन तथा मुल्यांकन सम्वन्धी कार्यविधि २०७९ वमोजिम हुनेछ ।

वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका

यें महानगरपालिका ज्याःकुथि

## काठमाडौं प्लाजा, काठमाडौं,
## बाग्मती प्रदेश, नेपाल

(राजस्व विभाग)

पत्र संख्या : २०८०/०८१
चलानी नं.:

५) उल्लेखित कार्यको लागि तयार गरिएको काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका घर तथा जग्गाको सम्पत्ति कर तथा सञ्चालनमा रहेका व्यवसाय कर एवं घर वहाल कर तथा र मनोरञ्जन कर को स्थलगत रुपमा वडा कार्यालयद्धारा अनुगमन गर्ने सम्वन्धमा “अनुगमन टोली परिचालन कार्यक्रम २०८०” अनुसार काम कारवाही गर्नुहुन ।

६) अनुगमनकर्ताले यसै पत्रसाथ संलग्न गरिएको “अनुगमन टोली परिचालन कार्यक्रम २०८०” मा उल्लेख गरिएका फारामहरु प्रयोग गर्नुहुन अनुरोध छ ।

............................
(ध्रुव कुमार काफ्ले)
विभागीय प्रमुख

<u>बोधार्थः</u>
श्री प्रमुखज्यू
श्री उपप्रमुखज्यू
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
काठमाडौं महानगरपालिका ।

वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np